हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : ९२ पृष्ठ : ४ २०७७ असोज २९ गते विहीबार (Thursday 15 October 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीमा लीलानाथ श्रेष्ठ नियुक्त

सिरहाबाट निर्वाचित लीलानाथ श्रेष्ठ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नियुक्त भएका छन् ।

प्रधानमन्त्री ओलीले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा लीलानाथ श्रेष्ठलाई नियुक्त गरेका हुन् । यस्तै अर्थ मन्त्रीमा विष्णु पौडेल र सहरी विकास मन्त्रीमा कृष्णगोपाल श्रेष्ठ नियुक्त भएका छन् । सिरहाको चोहर्वा घर भएका श्रेष्ठ क्षेत्र नम्बर ३ बाट निर्वाचित भएका हुन् । दोस्रो संविधानसभाको चुनावमा सिरहाबाट चुनाव लडेका तत्कालिन माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग श्रेष्ठले प्रतिस्पर्धा गरेकाथिए । त्यसबेला श्रेष्ठको अत्यधिक चर्चा भएको थियो ।

उनले मधेसीको बाहुल्य रहेको क्षेत्रबाट निर्वाचन जितेका हुन् । उनलाई मन्त्री बनाउनुपर्छ भनेर व्यापक आवाज उठेको थियो ।



राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन, शीतलनिवास
काठमाडौं, नेपाल ।

विज्ञप्ति

आज मिति २०७७ साल असोज २८ गते बुधवारका दिन सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मिति २०७४/११/३ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा देहायबमोजिम नियुक्ति, हेरफेर र कार्यविभाजन गरी देहायबमोजिम मन्त्रिपरिषद् गठन गर्नुभएको छ ।

| क.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री केपी शर्मा ओली | प्रधानमन्त्री | रक्षा |
| २. | श्री ईश्वर पोखरेल | उपप्रधानमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | श्री रामबहादुर थापा | मन्त्री | गृह |
| ४. | श्री विष्णुप्रसाद पौडेल | मन्त्री | अर्थ |
| ५. | श्री प्रदीपकुमार ज्ञवाली | मन्त्री | परराष्ट्र |
| ६. | श्री हृदयेश त्रिपाठी | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| ७. | श्री गिरिराजमणि पोखरेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| ८. | श्री बर्षमान पुन | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| ९. | श्री घनश्याम भुसाल | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १०. | श्री कृष्णगोपाल श्रेष्ठ | मन्त्री | सहरी विकास |
| ११. | श्री भानुभक्त ढकाल | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| १२. | श्री लेखराज भट्ट | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १३. | श्री योगेशकुमार भट्टराई | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १४. | श्री शक्तिबहादुर बस्नेत | मन्त्री | वन तथा वातावरण |
| १५. | श्री रामेश्वर राय यादव | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| १६. | श्री जगतबहादुर सुनार (विश्वकर्मा) | मन्त्री | युवा तथा खेलकुद |
| १७. | श्री पद्माकुमारी अर्याल | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १८. | श्री बीना मगर | मन्त्री | खानेपानी |
| १९. | श्री बसन्तकुमार नेम्वाङ | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| २०. | श्री पार्वत गुरुङ | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| २१. | डा. शिवमाया तुम्बाहाङफे | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| २२. | श्री लिलानाथ श्रेष्ठ | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| २३. | श्री मोतीलाल दुगड | राज्यमन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| २४. | श्री नवराज रावत | राज्यमन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| २५. | श्री रामबिर मानन्धर | राज्यमन्त्री | सहरी विकास |

२०७७।६।२८
(केशव प्रसाद घिमिरे)
सहायक प्रवक्ता

फोन नं. ०१-४४४६००२, ४४४६००३, ४४४६००४, ४४४६००७, ४४४६००८, ४४४६००९, फ्याक्स नं.: ९७७-१-४४१६४९५

## लीलानाथ श्रेष्ठ

जन्म : २०१८ माघ १५
सिरहाको चन्द्रलालपुर-२
बुबा : जीत बहादुर श्रेष्ठ
आमा : धनमाया श्रेष्ठ
*श्रीमति, १ छोरा र १ छोरी*
शिक्षा : नेपाल ल क्याम्पसबाट कानुनमा स्नातक उतीर्ण
राजनीति : २०३७ सालमा अनेरास्ववियूको सप्तरी जिल्ला सदस्य भएर राजनीतिमा प्रवेश ।
- अनेरास्वविवियूबाटै नेपाल ल क्याम्पसमा २०४१ सालमा सहसचिव ।
- २०४८ सालमा प्रजातान्त्रिक राष्ट्रिय युवा संघको सिरहा जिल्ला सचिव ।
- २०५४ सालमा सिरहा जिल्ला विकास समितिको उपसभापति ।
- २०६२ सालमा एमाले सिरहा जिल्ला सचिव र २०६६ देखि एमाले सिरहा जिल्ला अध्यक्ष ।

# दोस्रो संविधान सभामा विजयी

दोस्रो संविधान सभामा प्रतिनिधि सभामा वाम गठबन्धनको तर्फबाट सिरहा ३ बाट एमालेका लीलानाथ श्रेष्ठ विजयी भएका थिए । संघीय समाजवादी फोरमका अशेश्वर यादवलाई २ हजार ५२ मत अन्तरले पछाडि पार्दै श्रेष्ठ विजयी भएका थिए । उनले २३ हजार २ सय ७२ मत ल्याए । निकटतम यादवले २१ हजार २ सय २० मत प्राप्त गरे ।



दोस्रो संविधान सभामा सिरहा क्षेत्र नम्बर ४ बाट चुनाव लडेका उनी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग पराजित भएका थिए । ल क्याम्पसबाट कानुनमा स्नातक उर्तीण ५६ वर्षीय श्रेष्ठको राजनीतिक यात्रा २०३६ सालको विद्यार्थी आन्दोलनबाट सुरु भएको थियो । २०३७ मा अनेरास्ववियूको जिल्ला सदस्य, २०४१ मा ल क्याम्पसको स्ववियु सहसचिव, २०४८ मा भातृ संगठन प्रायूसंघको सिरहा जिल्ला सचिव भए । २०६२ सालमा जिल्ला सचिव र २०६६ देखि अध्यक्ष भएर जिल्लामा पार्टीको नृतत्व सम्हालेका थिए ।

एमाले केन्द्रिय सदस्यसमेत रहेका श्रेष्ठ २०५४ सालमा सिरहा जिल्ला विकास समितिको उपसभापति निर्वाचित भएका थिए ।

चुनावताका सदरमुकामको अवस्था सुधार लगायत जनचेतना, शिक्षा, आयआर्जन, न्यूनतम कानुनी साक्षरता र योजनाबद्ध पूर्वाधार विकासमा जोडदिने लगायत एजेण्डासहित मतमागेका श्रेष्ठले चुनावी जीतसँगै यी बाचा पूरा गर्ने संकल्प गरेका थिए भने अहिले उनी मन्त्री नियुक्त भएका छन् ।

### *विगत निर्वाचनमा श्रेष्ठ*
# दाहालसँगको टकराबपछि चर्चित

७ वर्षअघि वामपन्थीको पकड मानिएको सिरहा क्षेत्र नं. ५ मा दुई कम्युनिस्ट उम्मेदवार बीचको टकराब उत्कर्षमा थियो । पहिलो संविधान सभा निर्वाचनमा एमाओवादीले बिजयी हासिल गरेको क्षेत्रमा दोस्रो संविधान सभाको निर्वाचनमा एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल उम्मेदवार थिए । दाहालसँग एमाले सिरहा अध्यक्ष लिलानाथ श्रेष्ठ टक्करमा थिए । पहिलो संविधान सभा निर्वाचनमा एमाओवादीका महेन्द्र पासवानले १२ हजार १ सय १० मत ल्याएर विजयी भएको त्यही क्षेत्रमा उनका निकटम प्रतिद्वन्द्वी एमालेका धर्मनाथ साहले ७ हजार २ सय ८ मत प्राप्त गरेका थिए । त्यसैगरी तत्कालिन जनमोर्चाका विश्वनाथ साह ५ हजार ५ सय ६६ मत ल्याई तेश्रो स्थानमा थिए ।

दोस्रो संविधान सभाको चुनाव नजिकिदै जाँदा अन्य क्षेत्रको तुलनामा सिरहा ५ को चुनावी सरगर्मीले राष्ट्रिय रुप लियो । एमाओवादी र जनमोर्चा बीच पार्टी एकिकरण भएकोले

*बाँकी ३ पेजमा*







फ्रेन्डस मोडल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## सीमा सुरक्षालाई कडा गर्न आवश्यक छ

**कोभिड–१९ संक्रमण बढ्दै जाँदा प्रदेश–२ मा सशस्त्र प्रहरीले सीमा सुरक्षा पोष्ट दोब्बरभन्दा बढी बढाएको छ । सीमा क्षेत्रमा हुने अवाञ्छित क्रियाकलापको निगरानीमा सशस्त्र प्रहरी सीमा सुरक्षा पोष्टले थप जनशक्ति बढाएको हो । अहिले कोभिड–१९ संक्रमणको सन्त्रास छाएका बेला सीमाक्षेत्रमा हुने दोहोरो आवागमन रोक्न, सीमाक्षेत्रमा हुँदै आएका अवाञ्छित क्रियाकलाप निरुत्साहित गर्न र सीमा सुरक्षामा थप जनशक्ति बढाएको छ । तर पनि सीमा नाकाबाट आउँजाउँ भने रोकिएको छैन, पहिला झैं वारपार/आउँजाउँ यथावत छ ।**

**अझ चाड पर्वले ढपक्कैं छोप्न लागेसँगै सीमावर्ती क्षेत्रमा भारत–नेपाल गर्ने मानिसहरु बढ्दै गएका छन् । कोही घर फर्किंदैछन् त कोही किनमेल गर्न भारत आउँजाउँ गर्छन् । यस्तोमा मुख्य नाका उनीहरुको रोजाईमा खासै पर्दैनन् । लुकिछिपी भारत–नेपाल गर्छन् । खुल्ला सीमा नाकाका कारण दुवैतर्फ आवतजावत रोकिएको छैन् । सशस्त्र प्रहरीले पनि 'मोनेटङ्गि' कठिनाई भोग्नु परेको छ । कोरोना माहामारीको बेलापनि सतर्कता नअपनाएरै आवत जावत गर्ने बढी भएको सीमावर्ती गाउँका स्थानीयहरु सुनाउँछन् । यस्तो अवस्थामा गाउँघरमा संक्रमण झनै फैलिने खतरा बढेको छ ।**

**सीमावर्ती क्षेत्रमा सुरक्षाकर्मीले निगरानी बढाएको छ । तर उनीहरु कामयावी हुन सकेका छैनन् । स्थानीय तहले क्वारेन्टाइनमा राख्ने भएकोले मानिसहरु सिंधै वैकल्पिक बाटोबाट घर पुग्ने गरेका छन् । व्यापारीहरुले पनि समान वारिपारी लुकिछिपी ओसार पसार गर्दै आएका छन् । कसैको पारिपट्टि र कसैको वारीपट्टि नातागोता छन् । जसले गर्दा वारीपारि आउँजाउँ हुनु स्वाभाविक नै हो ।**

**नाका बन्द भए पनि खुला सिमानाका कारण लुकीछिपी नेपाल आएकाले उनीहरूलाई खोज्न गाह्रो भएको प्रहरी अधिकारीको भनाइ छ । अहिले शहर बजारमा पानपुरी, खट्टामिठा, फलफूल जस्ता ठेलामा धेरैजसो भारतीयले गर्ने व्यापार पूर्ववत् जस्तो देखिएको छ भने कपाल काट्ने पसलहरू पनि खुलिसकेका छन् । अर्कातिर भारतीय प्रहरीले पनि स्थानीय तहहरूले दिएको सिफारिस अनुसार जान दिइरहेको थियो । सिफारिसमा बिरामीको उपचार गर्न, बिरामी आफन्त भेट्न, विवाहमा सहभागी हुन लगायतका कारणहरू खुलाइएको हुने प्रहरीले जनाएको छ ।**

**तसर्थ मुख्यनाका छोडेर मानिसहरु किनमेल गर्न, घर फर्किन आउँजाउँ गरिरहेका छन् । यसलाई रोक्न आवश्यक छ । त्यसैगरी आउँजाउँ गर्नेहरुले कोरोना संक्रमणको जोखिम कम गर्ने न्युनतम सावधानी पनि अपनाएको हुँदैन् । अनुहारमा मास्क पनि लगाएको हुँदैन् । यस्तो अवस्थामा गाउँघरमा संक्रमण झनै फैलिने खतरा बढ्दो छ । त्यसैले सीमा सुरक्षालाई कडा गर्न आवश्यक छ ।**

# स्थानीय तहमा सुशासन नाजुक

### पालिका बहस

**हरीप्रसाद अधिकारी**



**स्था**नीय तहमा जनप्रतिनिधिहरुले शासन सञ्चालन गरेको झण्डै डेढ वर्ष हुँदैछ । विगतको स्थानीय निकाय वा गाविसभन्दा यस पटकको गाउँ तथा नगरपालिकाहरूमा सुशासनका अभ्यास निकै कमी देखिएको छ । यसलाई तुलनात्मक रूपमा कानुनी व्यवस्था र परिवर्तित अवस्थालाई दाँजेर हेर्न आवश्यक छ । यसबाट जनताले सोचेजस्तो प्रभावकारी सेवा प्रवाह भएको छैन । आशलाग्दो सुशासनको अभ्यास गरेको पाइएको छैन ।

खासगरी २०४७ सालपछिको परिवर्तनले स्थापित स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ मा विकेन्द्रीकरण गरिएको व्यवस्था कार्यान्वयनमा विभिन्न कारणले अवरोध गरेको पाइए पनि मूलतः स्थायी सरकारको रूपमा रहेको कर्मचारी संयन्त्रले नै असहयोग गरेको आरोप समेत नलागेको होइन । खासगरी निर्वाचित जनप्रतिनिधिमूलक संस्था नहुँदा यसको कार्यान्वयनमा थप जटिलता थपिएको थियो । यद्यपि सार्वजनिक जवाफदेहिताका औजारहरूको प्रयोग विगतमा जति अभ्यासमा थिए आज त्यति भएको पाइँदैन ।

न्युनतम सर्तमापन, कार्यसम्पादन मूल्यांकन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, योजना पुस्तिका प्रकाशन, गाउँ परिषद्को निर्णय सार्वजनिक, योजना तर्जुमामा १४ औं चरणको कार्यान्वयन जस्ता अनेकौ औजारको उपयोग तथा अभ्यास गरेको पाइन्थ्यो ।

स्थानीय सरकार वा तहमा आज जति जवाफदेहिता हुनुपर्ने हो, त्यो पाइएको छैन । निर्वाचित जनप्रतिनिधिले निर्णय गरेर जे गरे पनि हुन्छ भन्ने मान्यता विस्तारै विकसित भएको पाइएको छ ।

नेपालको संविधान २०७२ मा संघीय शासन व्यवस्थाको जुन परिकल्पना गरिएको छ । यसले देशमा सुशासन कायम हुने, जवाफदेहिता अभिवृद्धि हुनेमा विश्वास गर्न सकिन्छ । तीन तहका सरकारको व्यवस्था गरिएको छ । विभिन्न संवैधानिक आयोगको व्यवस्थामार्फत सुशासनको परिकल्पना गरिए पनि जनताले सोचेजस्तो हुन सकेको छैन ।

खासगरी असारे विकासको निरन्तरता, औपचारिकतामा योजना निर्माण, कर्मचारी अभाव, जनप्रतिनिधिहरुले पर्याप्त सुविधाभोगका साधन खरिद र उपयोग, सुविधामा मिलेमतो जस्ता कार्यमा कमी आएन । ११ महिना ४० प्रतिशत विकास हुन नसकेको प्रगति असारमा आएर शत प्रतिशत खर्च हुनुले विगतकै झल्को दिएको छ ।

सीमित स्थानीय सरकारबाहेक सामान्य आफैलाई सञ्चालन गर्न सक्ने राजस्व उठाउने क्षमता राख्ने नसक्ने अवस्था स्थानीय सरकारहरु छन् । संघीय सरकारको अनुदानका योजनामा मनलाग्दी निर्णय गर्न दिएर हचुवाको भरमा विकास निर्माण भइरहेको छ । यसले देशमा सुशासनको अवस्थामा खासै सुधार पाइएला जस्तो देखिँदैन ।

हरेक तहका सरकारले परिवर्तित अवस्थामा आफ्ना विकासका लक्ष्य निर्धारण गरेर, देशमा भएका दक्ष जनशक्ति, विज्ञहरूको सहायता लिएर परिपक्क कानुन तथा योजना निर्माण गरी विकासको गोरेटोमा जानु पर्थ्यो ।

विकासलाई द्रुत गतिमा लिन नेपाली मोडेल बनाउन आवश्यक छ । सबै प्रकारका आन्दोलन, द्वन्द्वबाट प्रताडित मुलुकले राजनीति सुधारको दिशामा गएको बेला जुन प्रकारले विकास बहस गर्नुपर्थ्यो, त्यो रूपमा हुन सकेन । राहत, पुनर्स्थापना, पुनर्निर्माणसहित विकासलाई साझा मुद्दा बनाएर जानु पर्छ ।

पहिलो राजनीति दलले पहिला कार्यकर्ता व्यवस्थापन, जिम्मेवारीलाई सुस्पष्ट तरिकाले व्यवस्थापन गर्न आवश्यक छ । राजकीय र पार्टी कामलाई तोकिनु पर्छ । एक व्यक्ति एक पद लागू गर्नुपर्छ । कार्यकर्तालाई सिद्धान्त मुताविक कार्य गर्न निर्देश गर्नुपर्छ । राष्ट्रिय पार्टीहरु सञ्चालन गर्न सरकारले अनुदानको व्यवस्था गर्नुपर्छ । चन्दा सहयोगजस्ता कार्यलाई निरूत्साहित गरिनुपर्छ । दलको हरहिसाव पारदर्शी राखिनुपर्छ । पहिला राजनीति दल र तिनका कार्यकर्तालाई टल्काउनुपर्छ ।

दोस्रो, सबै प्रकारका सरकारहरुले कानुनी व्यवस्थालाई मजबुत बनाउनुपर्छ । आवश्यक कानुन बनाई कार्यान्वयनका लागि संयन्त्र बनाई जानुपर्छ । कानुनबिना खर्च गर्ने पद्धतिलाई हटाउनुपर्छ ।

तेस्रो, देशलाई कति वर्षमा कुन हैसियतमा पुर्याउनु पर्छ भन्ने गुरूयोजना, आवधिक योजना, विकासको लक्ष्य निर्धारण गर्नुपर्छ । यसका लागि विज्ञहरुको सहायता लिन आवश्यक हुन्छ ।

माथिका विषयलाई लागू गर्न सक्षम कर्मचारी संयन्त्रलाई तयार पार्नुपर्छ । समय सापेक्ष कार्य गर्न सक्नेलाई प्रथामिकता दिँदै पुराना जनशक्तिलाई सामान्य सुविधासहित बिदा गरिनुपर्छ । सेवा सुविधालाई समय सापेक्ष बनाउँदै कार्यसम्पादनका आधारमा सेवा सुविधा दिएर कार्य गर्ने व्यवस्था लागू गर्न आवश्यक छ ।

यसरी कार्य नगर्ने हो भने कागजमा सबै देखिने तर विकासमा शून्य हुने खतरा देखिएको छ । करोडौं रकम तल जाने, खर्च गर्ने, योजना निर्माण गर्ने जनशक्ति नहुने कागजमा रंगीन विकास हुनेबाहेक केही हुने देखिँदैन ।

जनप्रतिनिधिहरूलाई समय सापेक्ष तालिम कानुनी व्यवस्था आवश्यक छ । दुर्भाग्य हाम्रो देशमा विभिन्न बहानाका नाममा सुविधालाई प्राथमिकता दिइएको छ । यसबाट कर्मचारी र जनप्रतिनिधिहरूको भेद पाउन गाहो छ । अब विधिको शासन होइन, व्यक्तिको शासन भई देशमा सुशासनको अवस्था कमजोर हुँदै जाने देखिएको छ ।

जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह, समावेशी समानुपातिक र सामाजिक न्यायको प्रत्याभूति दिने गरी सुशासन कायम गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएको छ । गएको असारलाई बजेट अधिवेसनको रूपमा उपयोग गर्ने व्यवस्था भए पनि कतिपय स्थानीय तहहरूले अधिवेशनलाई कागजमा सीमित बनायो । यसबाट के बुझिन्छ भने

जनप्रतिनिधिहरु समेत सुशासन कायम गर्न उद्धत छैनन् । सामाजिक जवाफदेहिताका औजारहरु ( सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण, नागरिक प्रतिवेदन पत्र, सार्वजनिक खर्च शोधखर्च सर्वे, नागरिक वडापत्र, योजना पुस्तिका प्रकाशन, खर्चको पारदर्शिता) आदि जस्ता संयन्त्रको सञ्चालन गर्ने ऐन २०७४ मा कतै उल्लेख छैन । स्थानीय तहका लागि सरकारको रूपमा परिभाषित गरे पनि सरकारको रूपमा अभ्यास गर्ने उनीहरूसँग कला कौशल देखिँदैन ।

करिव १५ वर्षभन्दा बढी कर्मचारीबाट सञ्चालित स्थानीय निकायमा सामाजिक जवाफदेहिता संयन्त्रहरु सक्रिय थिए । यसबाट के बुझिन्छ भने जनप्रतिनिधिहरु भएको व्यवस्था तुलनात्मक रूपमा असल जवाफदेहिता हुनुपर्थ्यो । तर, यस्तो हुन सकेन । यसबारे बहस थाल्न जरूरी छ ।

कानुनको जनशक्ति नभई कानुन बन्दै जाने स्थानीय तहमा भविष्यमा कस्तो परिणाम आउँछ । हुन त नेपालको सन्दर्भमा प्रयोगको रूपमा संघीयतालाई हेरिए पनि नागरिकको जीवनमा समृद्धि र खुसी ल्याउन योजनाबद्ध कार्य गर्न आवश्यक छ ।

७५३ स्थानीय तहले दुई पटक बजेट ल्याउँदा विकासको अभ्यास गरिराखेका छन् । यसबाट के स्पष्ट हुन्छ भने निर्वाचित भएको दम्भबाहेक विकासले स्थानीय तहले गति लिन सकेको छैन । प्रदेश सरकारले समेत प्रष्ट सञ्चालन र संयन्त्रको मापदण्ड बनाउन त सकेको छैन । तर, योजना आयोग

*बाँकी ४ पेजमा*

## आजको राशिफल

**मेष** :- छोटो दुरीको लाभदायक यात्रा हुनेछ । धर्म, कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**वृष** :- आज कला र गलाको प्रभाव बढ्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । पुरानो रोकिएको धन हातापनि पर्न सक्छ ।

**मिथुन**:- जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । साना तिना समस्यामा अल्झिनुपर्ने देखिन्छ । प्रेममा बाधाका साथै बन्न लागेको काम विग्रनेछ । व्यवसायमा मन्दी आउनेछ ।

**कर्कट** :- आजको दिन मध्यम छ, चोरबाट भय रहनेछ र मनमा वैराग्यको भावना पलाउन सक्छ । मनको डरले सताए पनि व्यवहारमा फाइदा चाहीं हुन सक्छ ।

**सिंह**:- धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । नोकरी गर्नेले मानसम्मान पाउने छन् । लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन ।

**कन्या** :- एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । रोकिएका काम पुनः सुरू हुन सक्छन् । शुभकार्यको चर्चा चल्नेछ । रमाइलो यात्राको योगपनि रहेको छ ।

**तुला**:- ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । प्रेमी र प्रेमिकाका बिच खिन्नता बढ्नेछ । सरकारी निकाएको भय रहला । कार्मक्षेत्रपनि घर्षशील नै रहनेछ ।

**वृश्चिक** :- राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ । बन्धुबान्धव र दाजुभाइको सहयोग लिनसकिने छ । वाहन लाभको योग छ ।

**धनु**:- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । चिताएको कामले तीव्रता लिनेछ । दैनिक कार्यमा प्रगती हुनेछ ।

**मकर** :- दबाब र तनाव बढेको महसुस हुनेछ । कार्य सम्पादनमा समस्या आउला । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । वैदेशिक क्षेत्र कमजोर रहनेछ ।

**कुम्भ**:- सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । आफन्तहरूको सहयोगले कार्यहरू अगाडी बढ्नेछन । लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन् ।

**मिन** :- छोटो दुरीको लाभदायक यात्रा हुनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाईनेछ । शुभ समाचार सुन्न पाइएला ।

*मन्त्रिपरिषद् पुनर्गठनमा प्रचण्डको आपत्ति*

# सचिवालय र स्थायी कमिटी बैठकको म्यान्डेट अनुरुप भएन



**स**त्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद् पुनर्गठनप्रति गम्भीर असहमति व्यक्त गरेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले बुधबार मन्त्रिपरिषद् १२ औं पटक पुनर्गठन गर्दै अर्थमन्त्रीको जिम्मेवारी विष्णु पौडेललाई दिएका थिए । त्यस्तै सहरी विकास मन्त्रीमा कृष्णगोपाल श्रेष्ठ र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीमा लीलानाथ श्रेष्ठलाई जिम्मेवारी दिएका थिए ।

रक्षामन्त्री ईश्वर पोखरेलको जिम्मेवारी हेरफेर गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय हेर्ने जिम्मा दिएका थिए । सञ्चार तथा सूचना प्रविधिको जिम्मेवारी पार्वत गुरूङलाई दिइएको थियो ।

यसप्रति प्रचण्डले आपत्ति जनाएका हुन् । 'अध्यक्ष प्रचण्डको मन्त्रिपरिषद् पुनर्गठनप्रति पूर्णतः असहमति रहेको छ । स्थायी कमिटी र सचिवालय बैठकको म्यान्डेटअनुसार भएन भन्ने उहाँको कुरा छ,' प्रचण्डनिकट स्रोतले भन्यो ।

बुधबार दुई अध्यक्षको बालुवाटारमा भेटवार्ता भएको थियो । भेटमा कर्णाली प्रदेशको विवाद सल्ट्याउने विषयमा मात्रै कुरा भएको स्रोतको जिकिर छ ।*बाह्रखरीबाट*

*माधव नेपालको आरोप*

# मन्त्रिपरिषद् पुनर्गठनमा ओलीले एकलौटी गरे

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का वरिष्ठ नेता माधवकुमार नेपालले मन्त्रिपरिषद् पुनर्गठनमा प्रधानमन्त्री केपी शर्मा ओलीले एकलौटी गरेको आरोप लगाएका छन् । उनले यसमा कुनै सहमति नरहेको र पार्टी निर्णय, सहमति विपरीत भएको बताएका छन् ।

प्रधानमन्त्री ओलीले बुधबार आफ्नो गुटका मात्रै मन्त्री बनाएका थिए । ओलीले बुधबार मन्त्रिपरिषद् १२ औंपटक पुनर्गठन गर्दै अर्थमन्त्रीको जिम्मेवारी विष्णु पौडेललाई दिएका थिए ।

त्यस्तै सहरी विकासमन्त्रीमा कृष्णगोपाल श्रेष्ठ र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीमा लीलानाथ श्रेष्ठलाई जिम्मेवारी दिएका थिए । रक्षामन्त्री ईश्वर पोखरेलको जिम्मेवारी हेरफेर गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय हेर्ने जिम्मा दिएका थिए । सञ्चार तथा सूचना प्रविधिको जिम्मेवारी पार्वत गुरूङलाई दिएका थिए ।



यसप्रति नेता नेपालले असन्तुष्टि व्यक्त गरेका हुन् । 'हामीसँग कुनै सल्लाह गरेको पनि छैन,' नेता नेपालको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'यो पार्टी निर्णयविपरीत छ ।' स्रोतका अनुसार सहरी विकास मन्त्रालयमा ओखलढुङ्गाबाट निर्वाचित सांसद यज्ञराज सुनुवारको नाम नेपाल पक्षले पठाएको थियो । ओलीले श्रेष्ठलाई मन्त्री बनाएपछि नेपाल क्षुब्ध बन्न पुगेका हुन् ।

नेपाल निकट अर्को नेताले पनि सहमति खोलामा बगाएको निष्कर्ष निकाले । 'सहमति लत्याएर आफ्नमा मात्रै मान्छे मन्त्री बनाएपछि एकलौटी भएन र ? यसमा कुनै हालतमा सहमत हुन सकिँदैन,' उनले भने ।*बाह्रखरीबाट*

## दाहालसँगको ...

दुवै मत खप्ट्याउँदा करीव १८ हजार पुग्ने भएकाले अध्यक्ष दाहालले दुई गुणा बढी मतले बिजयी हुने एमाओवादीको ठम्याइ थियो । तर मत परिणाम त्यस्तो भएन् । तत्कालीन एमाले उम्मेदवार श्रेष्ठले त्यतिखेर सदैव सिरहाली जनताको माझ आफु रहेको र विगतदेखिनै जनताको सेवामा तल्लिन रहेकाले पनि सबै जनताको हृद्धयमा आफु प्रति गहिरो छाप भएकाले आफ्नो जित हुने दाबी गरिरहे । उनको दाबी पछिसम्म कायम रह्यो । भलैं मत परिणाममा उनी पराजीत भए । दाहालको चुनावी अभियानमा खटिएका अभियन्ताहरूले त्यतिखेर सांगठनिक मत, राष्ट्रिय नेता, पूर्व प्रधानमन्त्री भएको व्यक्तित्व, अन्य दलको कमजोर संगठनका कारण पनि ठूलो मतअन्तरले विजयी हुने दाबी गरिरहेका थिए । त्यतिखेर उनीहरूको दलिल थियो 'अध्यक्ष दाहाल राष्ट्रिय स्तरको नेता, विगत निर्वाचनमा एमाओवादीले जितेको र जनमोर्चा र माओवादी एकिकरण पश्चात मत संख्यामा वृद्धि भएकोले पनि हामी ठूलो मतअन्तरले विजयी हुन्छौं ।' तर त्यो दाबीलाई श्रेष्ठले चुनौति दिए । टकराब विघ्न रह्यो । त्यतिखेर उनको दाबी थियो, 'सदैव सिरहाली जनताको माँझ रहेको र विगतदेखिनै जनताको सेवामा तल्लीन रहेकाले पनि सबै जनताको हृद्धयमा आफू प्रति गहिरो छाप रहेको बताइरहे । अनि उनी एमाओवादी अध्यक्ष दाहाललाई भन्ने गर्थे, 'सिरहाको भूगोल, वातावरणको बारेमा थाहा नभएकाले पनि आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलित, पीछडावर्ग समुदायले मलाई माया गरेर मत दिनेछन् ।'

उनले दलील पेश गरिरहे 'सिरहाली जनताले विकास चाहेको र आफूले जिविस उपसभापति हुँदादेखि नै विकासका कामहरू गर्दै आएकाले पनि जीत हुनेमा विश्वस्त छु ।' त्यतिखेर राजमार्गको दायाँ बायाँ फैलिएको सिरहा क्षेत्र नं. ५ अन्तर्गत १६ गाविस छन् । ४९ हजार ६ सय मतदाता रहेको यस क्षेत्रका ४ हजार मतदाता वैदेशिक रोजगारमा छन् ।

स्थानीय स्तरमा पनि मधेसवादीदलहरू बिच तालमेल नहुनु, काग्रेसको संगठन मजबुत नहुनु र काग्रेस क्षेत्रीय सभापति चन्द्रदेव यादव अर्को दलमा प्रवेश गर्नुले पनि एमाओवादीका दाहाल र एमालेका श्रेष्ठ बीचको प्रतिस्पर्धा प्रतिस्पर्धा नभइ टकराब थियो ।

# ईश्वर पोखरेलको मन्त्रालय खोसियो

**काठमाडौं** । रक्षा मन्त्रालयको जिम्मेवारीमा रहेका ईश्वर पोखरेलको मन्त्रालय खोसिएको छ । उनलाई उपप्रधानमन्त्री मात्रै राखिएको छ भने रक्षा मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्रीले नै सम्हालेका छन् । यसअघि पोखरेलले रक्षा मन्त्रालय सम्हाल्दै आएका थिए । बुधबार गरिएको हेरफेरमा पोखरेललाई विना बिभागीय मन्त्रीमा राखिएको छ ।




**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**गोलबजार नगरपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सिरहा नगरपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कल्याणपुर नगरपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

## सामाजिक सञ्जालबाट

Sudip Mahato added 9 new photos — 🙂 feeling happy with Manoj Banaita and 11 others at लहान नगरपालिका -२४ गोविन्दपुर , मलहनमा.

4h · Lahan · Public

#पाटी_प्रवेश_कार्यक्रम_सप्पन्न_भयो।

आज मिति २०७७/०६/२८ गते का दिन लहान २४ को श्री जनता अधारभुत बिधालय मानिक दह झुट्की मा भएको नेपाली कांग्रेस पाटी प्रवेश र दसैं तिहार तथा छट पर्व को सुभकामानाम आदान प्रदान कार्यक्रम मा सिरहा छेत्र१का सांसद पदम नारायण चौधरी ज्यु को प्रमुख अतिथिमा २५० जाना कर्याकर्ताहरु अरु पाटी परित्याग गरि नेपाली काङ्ग्रेस पार्टी प्रबेस गरि कार्यक्रम सफलता पुर्बक समापन भयो ।




67 12 Comments • 1 Share

## स्थानीय ...

बनाएर विकासलाई व्यवस्थित बनाउने रणनीति बनाउन लागेको छ । सुशासनका लागि मुख्यमन्त्रीको कार्यालयले विशेष संरचना बनाएर कार्य गर्न जरूरी छ ।

तीन तहका सरकारले विकासमा दोहोरोपन नआउने गरी विकासका मापदण्ड बनाएर योजनाबद्ध विकासलाई अगाडि बढाउनुपर्छ । यसका लागि संविधानमा भएका तीन तहका सरकारका एकल तथा साझा अधिकारको सही उपयोग गर्न जरूरी छ । संघका एकल ३५ अधिकारहरू प्रदेश सरकारका २१, संघ र प्रदेशका २५, स्थानीय तहका २२ तथा संघ, प्रदेश र स्थानीय तहका १५ साझा अधिकारका सूचीलाई अधिकारका रूपमा प्रयोग गर्न आवश्यक संरचना बनाई कार्य गर्न सके देशमा सुशासनको सुनिश्चितता गर्न सकिन्छ ।

विगतभन्दा सुशासनलाई सुधार गर्न सकिएन भने आन्दोलनबाट ल्याएको व्यवस्था कमजोर भई विकास होइन, भ्रष्टाचारको दलदलमा देश जाने पक्का छ । निर्वाचित जनप्रतिनिधिहरूबाट भ्रष्टाचारको गन्ध आउन दिनु हुँदैन । दुई तिहाइ बहुमत भएको हालको सरकारले भ्रष्टाचारविरूद्ध शून्य सहनशिलता कायम हुनुपर्छ । भ्रष्टाचार गर्ने जनप्रतिनिधिहरूलाई फिर्ता बोलाउने, महाअभियोग लगाउन पाउने, अनुदान घटाउने, निश्चित प्रतिशत आम्दानी नगरेमा सेवा सुविधा खोस्ने जस्ता व्यवस्था गरिनुपर्छ ।

सुशासनका संरचनाको व्यवस्था नगरी ठूलो मात्रामा बजेट दिंदा भ्रष्टाचारको गन्ध आउने देखिएको छ । यसका लागि संघले प्रदेश तथा प्रदेशले स्थानीय सरकारको अनुगमन मूल्यांकनको ब्यवस्था गरिनुपर्छ । स्वायत्तताको नाममा जथाभावी अधिकार प्रयोग गर्दा भविष्यमा संघीय धराप पार्ने र नागरिकमा वितृष्णा भई व्यवस्थाविरूद्ध जान सक्छ ।

सुशासन ऐन २०६४, निमावली २०६५ तथा सूचनाको हक सम्बन्धि ऐन २०६४ लाई यथासक्य विस्थापित गरी नयाँ कानुनको व्यवस्था नभएसम्म यसलाई सक्रिय बनाउन आवश्यक छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई थप सक्रिय बनाउन आवश्यक छ । १७५ औं देशमा १२२ औं स्थानमा भ्रष्टाचारको स्थानमा रहेको नेपाललाई अब सामूहिक प्रतिवद्धता कायम गर्न जरूरी छ ।

अन्त्यमा विगतलाई समीक्षा गर्दै अब भन्ने विकास योजना र कार्यान्वयनमा समृद्धि, सुशासन र सामाजिक जवाफदेहितालाई मध्यनगर गरेर सबै तहका सरकारले रोडम्याप बनाउन आवश्यक छ । यसले मात्र सुशासन कायम भई दिगो विकासमा योगदान पुग्न जान्छ । यसबाट भ्रष्टाचार नियन्त्रणमा समेत योगदान मिल्छ ।

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट् LAHANPOST DAILY

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)